

# भुइा मान्छेका सारथी
# मुकुन्द न्यौपाने



– होम कार्की

पन्ध्र सालको आमचुनाव प्रचार गर्न बुवा लिलानाथले म र भाइ केदारको लागि दुई वटा ठुलो द्वाङ्ग ल्याइदिए । म त्यतिखेर ८ वर्षको थिएँ । केदार पाँच वर्षका थिए । हाम्रो क्षेत्र भोजपुर गोगने (रचने)मा गोर्खा प्रजा परिषद् र काँग्रेसको मात्रै प्रचार हुन्थ्यो । हामी गोर्खा परिषद्को उम्मेदवारको पक्षमा भोट माग्दै हिड्थ्यौं ।

'बुढो रुख ढल्न सक्छ । हामीलाई घर चाहिन्छ । बस्ने घर नभई हुँदैन । त्यसैले घरमा भोट हालौं ।'

घरदेखि दामोलो चौंतारोसम्म प्रचार गर्न पुग्थ्यौं । यो प्रचारमा जुटेदेखि नै राजनीतिमा मन पस्यो । ७ सालमा काँग्रेसले गाउँमा लुटपाट गरेदेखि हाम्रो गाउँ काँग्रेस विरोधी भयो । राईहरूले काँग्रेसबाट गाउँ जोगाएका थिए । १५ सालको चुनावमा गोर्खा परिषद्बाट राई उठेका थिए । हामी राईको पक्षमा थियौं ।

मैले स्कुलमा पढ्न पाइनँ । हजुरबुवाले आमा बिष्णुमायालाई दान गरेको महाभारत सुनेर-पढेर हुर्किएँ । मलाई पढ्न लेख्न रुचि थियो । अलिकति अँध्यारो मान्छेको मुख देख्यो कि उसको बारेमा कविता लेखिहाल्थैं । महाभारतबाट प्रभावित भएर सानैदेखि दंगफसादी हेर्न र सहभागी हुन मन जाग्थ्यो ।

२४ सालमा हाम्रो भोजपुरबाट झापाको चन्द्रगढीमा बसाइँसराई भयो । पहाड उजाड हुन थाल्यो । उत्पादन घट्न थाल्यो । मधेशमा जागिर पाइन्थ्यो । छोराहरू वनपाले बन्थे । जागिर खान्थे । झोर फडानी गरेर बस्ती विकास भइरहेको थियो । झापा झरेदेखि कविता लिएर साहित्य गोष्ठीमा खोज्दै जान थालें । त्यतिखेर सबैले यो कुन हाइस्कुलमा पढ्ने केटो रहेछ भनेर खोजी गर्दथे ।

२५ सालको मध्यतिर भद्रपुर हाईस्कुलबाट एउटा जुलुस आइरहेको थियो । जुलुसमा भारतविरुद्ध चर्को नारा लगिरहेको थियो, 'भारतीय विस्तारवाद मुर्दाबाद । सुस्ता-महेशपुर हाम्रो हो । सुस्ता-महेशपुर फिर्ता गर ।'

म पनि जुलुसभित्र छिरेँ ।
'यो जुलुस किन निस्केको हो ?', मैले जलुसमा सहभागीलाई सोधेँ ।

'भारतले नेपालको जग्गाको मिच्यो । त्यो जमिन फिर्ता ल्याउन हामीले जुलुस निकालेका हौँ ।'

यो सुनेपछि म पनि जुलुस अगाडि अगाडि चिच्याउँदै नारा लगाउन थालेँ । यो दिनदेखि मेरो राजनीतिमा प्रवेश भयो । त्यसपछि हरेक दिन भारतविरोधी जुलुस खोज्दै हिँड्न थाले । त्योबेला राजा महेन्द्रले सुस्ता महेशपुरदेखि उत्तरी सिमाको चेकपोष्ट हटाउन भनेर पञ्चायतभित्र अभियान चलाएका रहेछन् । कीर्तिनिधि विष्टले झापामा आएर राष्ट्रियतामाथि खलल पार्ने कुरालाई हामी सहँदैनौ भन्दै भाषण गरेर हिँडेका रहेछन् ।

म त बेरोजगार । यता घरबाट जागिर खान दबाव दिइन्थ्यो । म भने १०/१५ जनाको बेरोजगार समुह बनाउाथे । उनीहरूलाई लिएर जुलुसमा जान्थेँ । उराल्ने मान्छे भएपछि उर्लिने मान्छे जति पनि हुन्छन् भन्ने थाहा पाएँ । पहाडमा पनि म अलि अलि केटाहरू उराल्ने गर्दथेँ । आफूलाई महाभारतको अर्जुन र भिमसेन जस्तो हुनुपर्छ जस्तो लाग्थ्यो । जुलुस नभएको दिन कार्यालयमा गएर हामीले जागिर पाउने कि नपाउने भन्दै हाकिमसँग निहुँ खोज्थेँ । जुलुसको अग्रपक्तिमा देखिएकोले मलाई सहुलियत भएछ । कार्यालय हाकिमलाई तर्साउँदा पनि उतै (राजा)बाटै खटेको मान्छे हुन सक्छ भनेर प्रशासनले हेर्न थालेछन् । प्रहरी पनि मबाट तर्किन थाल्यो ।

राष्ट्रियताको कुरा व्यापक थियो । हामीलाई जे गर्न पनि छुट थियो । म जुलुस खोज्दै हिँड्न थाले । कहिले धरान, कहिले इटहरी, कहिले इनरुवा त कहिले कता-कता पुगिथ्यो ।

बसमा चढ्न भाडा थिएन । तैपनि बसमा चढिन्थ्यो । आराथुन कम्पनीको बस थियो । त्यो बस झापादेखि बिराटनगर हुँदै धरानसम्म जान्थ्यो । कन्डक्टर भाडा माग्न आउँथ्यो ।

'यहाँ भारतले देश खाइसक्यो । जुलुसमा जान लागेको । तँलाई पैसा कसले दिन्छ । कीर्तिनिधि आएर आह्वान गरेको सुनिनस्', मैले भनिदिन्थेँ । त्यसपछाडि कसको बोल्ने आँट ?

जुलुसपछाडि म किसानको आन्दोलनमा मिसिन पुगेँ । मैले हुनानको किसान आन्दोलन पढेको थिएँ । त्यो कितावमा जमिन्दारका जग्गा कब्जा लिएर किसानलाई बाँडिइएको थियो । जमिन्दार लखेटिइएका थिए । यसबाट म पनि अब झापामा जमिन्दारविरुद्ध किसानलाई जगाउनुपर्छ भन्नेमा थिएँ ।

आरके मैनालीसँग भेट भइरहन्थ्यो । आरकेहरू कलेज पढ्थे । सिपी मैनाली भद्रपुर क्याम्पसका स्ववियु सभापति थिए ।

'ए आरके, क्रान्ति कहिलेदेखि हुन्छ ?'
'तिमीले भन्नेबित्तिकै क्रान्ति हुन्छ ?',

यी हुनेखानेका छोराहरूबाट क्रन्ति हुँदैन भनेर मैले घर छाडेर हिँडेँ । म झापाको गौरीगञ्ज गएँ । त्यता पहाडे युवाहरू धेरै थिए । उनीहरू झोडा फाँडेर बस्ती बसाई रहेका थिए । त्यहाँ दिनहुँजस्तो दंगाफसाद भइरहन्थ्यो । सरकारले हटाउन खोज्थे । उनीहरू झोडा फाँडेर खेतीयोग्य जमिन फैलाउन चाहन्थे । जंगल फडानी गरेर बस्ती विस्तार भइरहेको थियो । त्यतिखेरको महारानी झोडा आन्दोलन चर्चित थियो । राजा महेन्द्रले पनि पहाडबाट तराईतिर बस्ती बसाउने काम भित्रभित्रै गरिरहेका थिए । त्यहीबेला राजाले वर्मासँग कुरा गरेर एकलाख नेपालीलाई झापादेखि कञ्चनपुरससम्म ल्याएर राखेका थिए ।

म झोडा आन्दोलनको दंगाफसादसँगै हाइस्कुलमा अखिलको युनियन बनाउन थालेँ । गौरादह र ग्वाल्डुवाको बिचमा रहेको एउटा पहाडेको खाली घरमा बसेर अखिल बनाउन लागेँ । युवा आन्दोलन समिति भन्दै ९ सदस्यीय, ११ सदस्यीय रहेको ५० औँ कार्यसमिति बनाइयो । यो कुनै पार्टीसँग सम्बन्धित थिएन । खालि युवा आन्दोलन र अखिलसँग सम्बन्धित

थियो । पूरै फोकस भारतविरुद्ध केन्द्रित थियो । गौरादह, गौरीगञ्ज दमक, मधुमल्लाका हाइस्कुलमा आफैले अखिल बनाएँ । विद्यार्थी भेट्यो कि अखिल बनाइहाल्ने । अखिलको एउटा लहरै थियो । म आफैले अखिलको स्वघोषणा गरेर हिँडेको हो । स्कुलमा छिरेर कम्युनिष्ट मास्टर को छ भनेर खोज्थे । मोरङ क्याम्पसमा पढ्ने विद्यार्थीलाई स्ववियु बनाउन नदिने बनेर हेडमास्टर बसेका रहेछन् ।

'राजाले दिएको अधिकार खोस्ने तपाइँ को ?' मैले हेडमास्टरलाई भने, 'तपाइँले विद्यार्थीको अधिकार खोस्नुभयो ?'

हेडमास्टर पछाडि हटे । अखिलले स्ववियुको चुनाव पनि जित्यो । त्यसलाई काँग्रेसले मानेन । दुई महिनासम्म स्कुल बन्द भयो । अखिल र नेविसंघबिच दुई महिनासम्म कुटाकुट भयो । काँग्रेसलाई जहाँ भेट्यो, त्यहीँ कुट्ने योजना बन्यो । पूर्वमा हरेक दिन हाटबजार लाग्थ्यो । हरेक हाटबजारमा बजारमा काँग्रेस खोज्न थाल्यो ।

अब रातो ज्याकेट, रातो पाइन्ट र लेनिनको ब्याज लगाएर हिड्थे । धेरैले नक्सलपन्थी भन्दारहेछन् । नक्सलपन्थीबारे मलाई थाहा नै थिएन । कलेजको विवादले झन् ठुलो दंगाफसाद सुरु भयो । २८ जेठ २०२८ मा काँग्रेसले पारी भारतबाट ६ सय मान्छे लिएर आएका रहेछन् । हामी तीन/चारसय मात्रै थियौँ । बजारभित्र छिरेरे मार पिटापिट सुरु भयो । बड्याङ, बड्याङ बन्दुक पड्किन थाल्यो । लठ्ठी लिएर उता कुदेका छन् । यता कुदेका छन् । मारमुरी चलेको छ । सिपी मैनालीको हात ठनक्कै भयो । खुट्टा भाँचियो । मेरो टाउकोमा हानिदिए । मैले जिब्रो टोकेको नाटक गरिदिए । उनीहरू मरे भनेर भागे ।

त्यसको पर्सिपल्ट हामीले महारानी झोडा सहित ८-९ हजार मान्छे लिएर त्यो बजार घेर्न गयौँ । त्यहाको सबै भागेर हिडे । दुई महिनासम्म अल इण्डिया रेडियोले फुकेको फुक्यै गऱ्यो-'मधेशी के ऊपर पहाडे का हमला ।'

त्यसपछि सिपी मैनाली, म सहित भूमिगत भयौं। भूमिगत भएको तीन महिनापछि मनमोहनजीहरूको पूर्व कोशी पार्टीबाट फुटेर नेपाल कम्युनिष्ट पार्टी, झापा जिल्ला कमिटी बनायौं। म माइवारीको इलाका इन्चार्ज भए। अर्को इलाकाको इन्चार्ज सिपी मैनाली, केपी ओली, रामनाथ दाहाल, आरके मैनाली थिए। त्यहाँ नक्सलपन्थीहरू पनि आएका थिए। त्यसपछाडि हामी नक्सले भएर दुई वर्षसम्म हिँड्यौं।

यो क्षेत्रमा मेरो भूमिगत नाम रामप्रसाद थियो। झापाको माइवारीको गौरीगञ्ज, गौरदह र शिवगञ्ज क्षेत्रमा गएर गाउँ कमिटीहरू बनाउन थालेँ। यो पूरै भूमिगत कमिटी थियो। यो कमिटी युवाहरू जसरी जुलुसमा जाँदैनथ्यो। कमिटीले सेना बनाउँदै जान्थ्यो।

राति मात्रै बैठक हुन्थ्यो। एउटा गाउँ पञ्चायतमा एउटा इलाका। अर्को गाउँ पञ्चायतमा अर्को इलाका। त्यसभित्र २५ वटा स्थानीय कमिटीहरू हुन्थ्यो। त्यो कमिटीले स्थानीय जनतामा माथिबाट आएका निर्देशनहरू पठाउथ्यो। उनीहरूलाई प्रशिक्षित गर्थे। जनतासँग सर्म्पक गर्ने, गोप्यता राख्ने। जमिन्दारविरुद्ध प्रशिक्षित गर्ने काम हुन्थ्यो। खास खास समयमा पार्टीले आन्दोलन आव्हान् गरेकोमा सहभागी हुन्थ्यो। पार्टीले जमिन्दारीविरुद्ध बनि (ज्याला)बढाऊ आन्दोलन गर्दथ्यो। जमिनदारले दैनिक ज्यालाविरुद्ध एक किलो धान दिन्थ्यो। त्यसको विरुद्ध तीन किलो धान पुऱ्याउन आन्दोलन हुन्थ्यो। आन्दोलन भएको ठाउँमा जमिन्दारले चार किलोसम्म दिएको थियो।

झापामा जमिन्दार मार्ने काम पनि भए। केही साथीहरूलाई नक्सलपन्थीहरूले उरालेर मान्छे मार्दै हिँडेका थिए। म सुरुदेखि नै मान्छे मार्नेको विरुद्धमा थिएँ। जमिन्दार धर्मप्रसाद ढकाललाई मारेपछि विवाद चर्कियो। रामनाथ दाहाल, केपी ओली, म र मोहनचन्द्र अधिकारी यो व्यक्ति हत्या हो भन्नेमा पुग्यौं।

'मान्छे मार्ने कुरा गलत छ । एउटा जमिन्दार भनेर मार्न जाने । चिन्छ भनेर त्यहाँ काम गर्ने नोकरलाई पनि मार्नु ठिक होइन । त्योभन्दा अपराध अरु केही हुँदैन', बैठक्मा म भन्थेँ ।

दुई मत भएपछि छिन्न भिन्न भयो । राज्यको दमनचक्र बढ्यो । दमनचक्र भएपछि पार्टी छिन्न भिन्न भयो । राज्यले ५ जनालाई सुखानीमा लगेर हत्या गरे । झापाको गौरीगञ्जदेखि जमिन्दार हत्यासम्मको समयलाई झापा विद्रोह भनेर चिन्छन् ।

म तीन वर्ष सिपीहरूसँग सर्म्पकविहीन भएँ । २०२९ सालको पुसमा साथीहरूको आफूआफू समुहमा बसेर नयाँ जिम्मेवारी बाँडफाँड भयो । झापामा बसेर काम गर्ने परिस्थिति बनेन । मोहनचन्द्र पश्चिमतिर लागे । म नारायणीतिर आएँ । केपी त्यहीँबाट छुटे ।

म बाराको माथि लाल गाउँमा तामाङका छोराछोरीलाई दुई महिना पढाएर बसेँ । बारामा मेरो भूमिगत नाम शर्मा जी राखे । थारु गाउँमा धोती लगाएर मधेशी र पहाडे नचिनोस् भनेर बसेँ । राति राति गर्दै बाराको सबै गाउँमा बलियो आधार इलाका बनाएँ । म गीत धेरै लेख्थेँ । ती गीतले किसानलाई प्रभावित बनायो । थारुहरू जंगलमा दाउरा काट्न जान्थे । उनीहरूलाई जंगलमा भेट्दै-भेट्दै नौ महिनासम्म प्रशिक्षित गरिसकेको थिएँ । थारुलाई पहाडेसँग सर्म्पक नगर्न भन्थेँ । उनीहरूका मान्छे पुलिसमा हुन्छन् भनेर तीन वर्ष थारु गाउँमा बसेको कसैले थाहा पाउँदै पाएनन् ।

मैलै एकैचोटि बाराको १३ वटा गाउँ पञ्चायतमा बनि बढाऊ हड्ताल गराएँ । यत्रो कसरी हड्ताल भयो भनेर प्रशासन चकित भयो । हड्तालमा एकजना पक्राउ परेछन् । त्यो मान्छे अलि कमजोर परेछ । उसले कुरा खोलिदियो-'शर्मा जी नाम गरेको मान्छेले यो सबै उत्पात मच्चाइदिएको हो । यो मान्छे विसनपुरमा रहेको बलदेव चौधरीको घरमा बस्छ ।'

सबैले नक्कली नाम राखेका थिए । बलदेवको नाम वासुदेव थियो । प्रहरीले बलदेवलाई पक्रेर लिएर गयो । बलदेवको भाइ सिडियो कार्यालय, रौतहटमा मुखिया थिए । 'मेरो दाइले कहाँबाट राजनीति बुझ्नु ? पक्रेर लिएर गयो रे', उनले सिडिओ भनेछन् । सिडिओले पनि बारामा फोन गरिदिएछन् । 'तैँले भनेको बलदेव यही हो ?' प्रहरीले सुराकी दिनेलाई सोध्यो ।

'यो त होइन', एक थप्पड लगाएर सुराकी दिनेलाई प्रहरीले लखट्यो ।

त्यसपछि त्यो गाउँ प्रहरीको कडा निगरानीमा पर्‍यो । डिएसपी सहवीर थापाले ५० जनाको प्रहरीको क्याम्प नै खडा गरे । प्रहरीले राति ९ बजेदेखि बिहान ३ बजेसम्म गाउँको खानतलासी गर्दथ्यो । म राति मात्रै एक्लै हिँड्न थालेँ । म बेलुका ९ बजे अघि नै निस्किन्थेँ । नदीको किनारामा गएर रुखको फेदमा बस्थेँ । म बिहान ३ बजेतिर लुसुक्क गाउँ छिरेर दिनभरि घरभित्र बस्थेँ । यो क्रम १५ दिन चल्यो ।

गाउँलेले भन्न थाले, 'हे वौवा, पुलिसले भेट्यो त मारिहाल्छ । चल जा ।'

त्यो बेलासम्म यस्तो बलियो सेल्टर गाउँ अर्को बनेको थिएन । एउटा टइट नाम गरेको डाँकाले आफूसँग लैजान तयार भयो । उसले पुलिसको गस्ती हिँड्ने बाटोको छेउको घरमा लगेर लुकायो । त्यस्तोमा पुलिसको शंका कम पर्दथ्यो । क्याम्पबाट नजिकै थियो । त्यो घरमा ७ दिन बसियो । ढोका पनि सानो बाँसको भाटा थियो । गाउँलेले यो मर्छ भनेर राख्न दिएनन् । यो गाउँबाट तीन कोस पर लौटन भन्ने गाउँ वर्तमान सांसद ज्वाला शाहको बुबा खेदु शाहको घरमा लगेर राखियो । मैले फेरि त्यही ठाउँबाट बाराको अन्य गाउमा सङ्गठन विस्तार गर्दै लगे । सङ्गठन फैलिदै गयो ।

बारामा लहर नै आएको थियो । बनि (ज्याला) बढाऊ आन्दोलनले दुई किलोबाट चार किलो बनायो । किसानहरूले यसलाई ठुलो उपलब्धि

रूपमा लिए । हामीले रक्सी भट्टी पसल बन्द गरायौँ । बाराबाट भारतीय डाँकाहरूलाई लखेट्यौँ ।

बाराकै गठलमा चमारा, दुषरा जस्ता जातका मान्छेले बिहे गरेर ल्याएको दुलहीलाई पहिलो रात जमिन्दारसँग सुत्न पठाउनुपर्ने चलन थियो । ३६ सालमा आन्दोलन चर्केपछि त्यो चलन पनि हट्यो ।

३१ सालमा मेरो गालामा घाउ निस्कियो । गालाबाट पिप बग्न थाल्यो । मासुको टुक्रो निस्कियो । मेरो सिराहाको पार्टीमा सम्पर्क भइसकेको थियो । जनकपुरमा पाँच महिना बस्दा पनि घाउ ठिक भएन । सबैले क्यान्सर भन्न थाले । मधुवनीमा पढ्ने एउटा भाइ कलकत्ताबाट निस्किने पत्रिकाको ग्राहक बनेको रहेछ । कलकत्तामा बस्ने श्रवणकुमार आजाद ठेगाना देखेँ । श्रवणकुमार नक्सलपन्थी थिए । ५ सय चन्दा उठाएर कलकत्ता गएँ । कलकत्ता मेडिकल कलेजमा श्रवणको बुवा काम गर्थे । त्यसमा कर्मचारीको परिवारको निःशुल्क उपचार हुन्थ्यो । अप्रेसन सफल भयो । दुई महिना बसेर जनकपुर फर्किएँ ।

सबैले मऱ्यो भनेर बसेका रहेछन् । बाँचेर फर्किन्छ भन्ने आस कसैलाई थिएन । सीपी मैनाली र माधवकुमार नेपालको सिराहामा सर्म्पक भएछ । उनीहरूले एउटा दस्तावेज दिँदै भनेछन्, ‘तपाईहरू हामीसँग सामेल हुनुस् ।’

‘उमेश जी आएर कुरा नभएसम्म हाम्रो कुरो टुंगिदैन । तपाईहरूको कुरा सुनियो’, साथीहरूले उनीहरूलाई भनेछन् । सिराहा-जनकपुर-रौतहटमा म उमेशको नामबाट चिनिन्थेँ ।

माधव, सिपीले उमेश भन्ने को रहेछ भनेर तीन महिनासम्म खोजिरहे ।

म कलकत्ताबाट आउनासाथ एउटा लिखत कागज दिए । त्यो अक्षर सिपीको थियो । मैले चिनिहालेँ । मणिलाल राईलाई भनेर सर्म्पक गर्न बिराटनगर गएँ । त्यहाँ माधव नेपालसग भेट भयो ।

'ए, उमेश भन्ने तपाइँ नै हो ? तपाइँ हुनुहुन्छ भन्ने लागेकै थिएन । तपाई कहाँ हराउनुभयो कहाँ ?' माधव नेपाल खुसी देखिए, 'तपाइँ त त्यता हाम्रो विरुद्ध भाँडेर बस्नुभएको रहेछ ।'

सिपी, माधव नेपालहरूसँग बसेर छलफल सुरु भयो । ३२ साल जेठ २५ गते कोअर्डिनेशन केन्द्र बनायौँ । यसमा मसहित आठ जना संस्थापक थियौँ । त्यसमा सीपी मैनाली- झापा, माधव नेपाल- रौतहट, झलनाथ खनाल- इलाम, मुकुन्द न्यौपाने- बारा, मणिलाल राई- सिराहा, गोविन्द न्यौपाने- भोजपुर र अमृत बोहरा- सिन्धुपाल्चोध थियो । त्यसमा सीपी मैनाली महासचिव चुनिए । मतभेद जति छ, यहीभित्र राख्दै जाने । अब एक भएर जाने भन्ने सहमति भयो । म कोकेको नारायणीको इन्चार्ज भएँ । कोकेमा मिल्न ३५ सालमा मदन भण्डारीको मुक्ति मोर्चा आयो । ११ पुष २०३५ मा कोके, मुक्ति मोर्चा, पूर्वको रातो झण्डाको धनुषाको कचुरी गाउँमा बसेको संयुक्त बैठकले माओ त्सेतुङको जन्मदिनको अवसर पारेर माले बनाउने भन्ने निर्णय भयो । मदन भण्डारीको मोरङको इटहरा भन्ने गाउँमा माले बनाउने सम्मेलन भयो । त्यसमा म केन्द्रीय कमिटीको सदस्य भएँ ।

म ३५ सालमा हेटौँडा छिरेँ । हेटौडा-चितवनमा म वरुण (वि साथी) नामले चिनिन्थेँ । बाराबाट मकवानपुरमा कम्युनिष्टसँग सर्म्पक गर्न महेन्द्र चौधरीलाई हेटौँडा कपडा उद्योगमा काम गर्न पठाएँ । महेन्द्र कारखानामा भर्ती भयो । कारखानामा मोहन गुरुजु कपडा सिउन आउँदारहेछन् । मोहन कम्युनिष्ट रहेको थाहा पायौँ । मोहनले नै मकवानपुरमा बद्रि खतिवडा, सुशील प्याकुरेल, प्रकाश काफ्ले र वनविज्ञानको एकजना प्राध्यापकको नाम दिए । उनीहरूसँग सर्म्पक भयो । सङ्गठन बनाउन बद्रि खतिवडालाई भनेँ । उनी पनि जोसिए । मैले रक्सौलबाट पर्चा छापेर ल्याइदिएँ । बद्रि खतिवडाले शिक्षकहरूको सङ्गठन बनाए । मजदुरहरूलाई संगठित गर्न जरुरी थियो । महेन्द्र मार्फत नै ललित बस्नेत, नारायण देउला, रघुनाथ खुलाल, सुमन घिमिरे, केशव दवाडी, ज्ञानबहादुरहरू सर्म्पक भए ।

कलकारखानामा मजदुरहरूमा चेतना फैलाउने काम भयो । हरेक शुक्रबार मजदुरहरू मकवानपुरका गाउँ-गाउँ जाने नियम बनाइयो । मजदुर किसान एकता जिन्दावाद भन्दै किसानहरूमाझ प्रशिक्षण दिन थालियो । आइतबार बिहान काम गर्न मजदुरहरू कारखाना आइपुग्थे । शुक्रबार शुक्रबार मजदुरहरू सबै गाउँ गाउँ जाने नियम बनाइयो । वरिपरिका गाउँ जाने प्रचारको लागि । मजदुर किसान एकता जिन्दाबाद । मई दिवस मनाउन थालियो । ३६ को मई दिवसमा १० औँ हजार मजदुर जुलुसमा निस्किए ।

माघ-फागुनबाट आन्दोलन सुरु भयो । हेटौँडामा ठुलो दंगाफसाद भयो । गाडी लडाइदियो । कर्फ्यु लाग्यो । मजदुर आन्दोलन चर्कियो । साङ्ग्लो जसरी सङ्गठन बनाइएको थियो । यसले ठुलो काम गर्‍यो ।

हामीले जनतालाई शिक्षा र विचार दिन्थ्यौँ । जनताले पार्टीको लागि हाँसकुखुरा, खसी पाल्थे । शिक्षकहरूले चन्दा दिन्थे । पार्टी सदस्यता शुल्क आउँथ्यो । जनताबाट लेऊ, जनतालाई देऊ भन्ने रणनीति थियो । एक दोस्रोलाई ख्याल गर, मद्दत गर, माया गर भन्ने पार्टी बनाउने सुत्र थियो । दिउँसो हिँड्दा छोटो कपाल पारेर कालो टोपी लगाउँथेँ । कतिले पुलिस ठान्दारहेछन् । कतिले आर्मी भन्थे ।

'होइन हजुर कता हो' भन्थे । मैले के कता भनेर भनिदिन्थे । त्यसपछि मान्छे तर्किन्थे । मान्छे चुप लाग्थे । अहिले पनि गाडीतिर कालोटिपी लगाएर हिँड्दा ट्राफिकले कडा जाँच गर्दैनन् ।

करिब १५ वर्षसम्म सम्मको जीवन असाध्यै कठिन भयो । दिनभर घरभित्र पढेर बसिन्थ्यो । किसानहरू काम गर्न खेतमा जान्थे । दिउँसो बाहिर निस्कने अवस्था थिएन । पिसाब समेत मुसाको दुलोबाट फेर्नुपर्दथ्यो । गर्मीमा टाउकोमा पानी छर्केर बस्नुपर्दथो । २६ सालदेखि सुरु भएको भमिगत जीवन ४७ सालमा बाराबाट सांसद बनेर उदाएँ । यो सिङ्गो आन्दोलनमा पक्राउ नपरेको म मात्रै थिएँ । राज्यसँग मेरो तस्विर र अभिलेख केही

थिएन । बहुदल आएपछि चन्द्रगढीको घर जाँदा हजारौँ मान्छेहरू आए । २० वर्षपछि बुवाआमासँग भेट भयो । गाउँमा हामी दाजुभाइ जिउँदो छ भनेर कसैले ठानेका थिएनन् । ४८ सालको चुनावमा बाराबाट एमालेले तीन क्षेत्र जित्यो । ४८ र ५१ मा दुई पटक सांसद भएँ । श्रम मन्त्री पनि भएँ । ०४६ सालको आन्दोलनपछि क्षेत्रीय राजनीतिको जिम्मेवारीबाट ट्रेड युनियनको राजनीतिमा सक्रिय भएँ। चारवटा राष्ट्रिय सङ्गठनहरूको संलग्नतामा जन्म भएको नेपाल ट्रेड युनियन महासंघको नेतृत्वको जिम्मा लिएँ । ५४ को आमनिर्वाचनमा बहिष्कार गरेर हिँडिदिएँ । मैले चुनाव नलड्ने घोषणा गरेँ । चुनाव लड्नुपर्छ भन्नेहरूलाई एउटा कविता थमाएर पठाइदिएँ -

देशको निम्ति लड्नेहरू जिउँदै शालिक भए
नोटका बिटामा बिक्नेहरू देशका मालिक भए
हाबी भयो नोटतन्त्र लोकतन्त्रमाथि
लुटतन्त्रले हाहाकार पऱ्यो जनतामाथि
गन्धीवाद मार्क्सवाद साइन बोर्डमा रह्यो
नोट र भोटको चेपुवामा लोकतन्त्र पऱ्यो

नाम रहोस्, बदनाम नहोस् भनेर मैले एउटा पुस्तक पढेको छु । एक पटक जन्मेपछि एकपटक मर्नुपर्छ । जब नाम बदनाम हुन्छ, सदा सदाको लागि बदनाम हुन्छ । अहिले माफियासँग दोस्ती गर्नुपर्छ । क्याबिनेटमा सही गर्दा फसिन्छ । यस्तो तमासा छ । गृहसचिव एक करोड गृहमन्त्रीलाई बुझाएको बयान दिन्छ । ऊ जेलमा नै छ । पैसा बुझ्ने गृहमन्त्री छुटिसक्यो । यही हो गणतन्त्र ?

●